यो आकाशवाणी हो

समाचार पारसमणि दंगालबाट सुन्नुहोस्

03 March 2025

मुख्य समाचार

- राष्ट्रपतिले प्रदान गर्नुभयो आठौं विजिटर्स पुरस्कार
- वन्यजीव व्यवस्थापनमा परम्परागत ज्ञान र यान्त्रिक बुद्धिमत्ताको प्रयोग गर्न प्रधानमन्त्रीको आह्वान
- श्री राजनाथ सिंहले भारत आउँदो दुई वर्षमा तेस्रो ठूलो अर्थव्यवस्था बन्ने मार्गमा अग्रसर रहेको बताउनुभयो
- भारत र बेल्जियम हिन्द प्रशान्त क्षेत्रमा रक्षा क्षेत्रमा मिलेर काम गर्न सहमत
- श्री शाहले देशको विकास र समुन्नतिमा डेरी क्षेत्रको योगदान महत्वपूर्ण रहेको बताउनुभयो
- आईसीसी चैंपियन्स क्रिकेट ट्रफीको पहिलो सेमीफाइनलमा भोलि भारत र अस्ट्रेलिया भिड्ने, अनि
- इन्डियन सुपर लिग फुटबलमा अहिले चेन्नई र नर्थइस्ट युनाइटेडको भिडन्त हुँदै

राष्ट्रपति-पुरस्कार

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा आठौं विजिटर्स पुरस्कार प्रदान गर्नुभयो। यस अवसरमा उहाँले भन्नुभयो, देशका कतिपय शैक्षिक संस्थानहरूमा वैश्विक ब्रान्ड भेल्यू प्राप्त गर्ने क्षमता रहेको छ। उहाँले देशमा शोधलाई अझ धेरै प्रोत्साहन दिनुपर्ने आवश्यकतामाथि बल दिनुभयो। राष्ट्रपतिले उच्च शिक्षा संस्थानहरूमा आर्टिफिशियल इन्टेलिजेन्सको क्षेत्रमा नवीन प्रयास गर्न पनि आग्रह गर्नुभयो।

प्रधानमन्त्री गुजरात

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले वन्यजीव व्यवस्थापनमा सहयोग पुऱ्याउन परम्परागत ज्ञान र यान्त्रिक बुद्धिमत्ताको अधिक प्रयोग गर्न आह्वान गर्नुभएको छ। श्री मोदीले भास्कराचार्य अन्तरिक्ष अनुप्रयोग अनि भूसूचना विज्ञान संस्थान र भारतीय वन सर्वेक्षणसँगको सहकार्यमा वनमा लाग्ने डढेलो र वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि मेकानिकल इन्टेलिजेन्स, मेसिन लर्निङ र जियो स्पेशियल म्यापिङको प्रयोगमा पनि जोड दिनुभयो।

विश्व वन्यजीव संरक्षण दिवसको अवसरमा आज गुजरातको जुनागढ जिल्लाको सासन गिरमा आयोजित राष्ट्रिय वन्यजीव बोर्डको सातौं बैठकको अध्यक्षता प्रधानमन्त्रीले गर्नुभयो। उहाँले यी क्षेत्रका स्थानीय जनसंख्या र गाउँलेहरूलाई संलग्न गराएर डल्फिन संरक्षणमा चेतना जगाउन आग्रह पनि गर्नुभयो।

श्री मोदीले स्कूले बालक बालिकाहरूलाई डल्फिनको बासस्थानमा भ्रमणको आयोजना गर्न पनि सल्लाह दिनुभयो।

बैठकमा प्रधानमन्त्रीले देशमा पहिलो पटक सञ्चालन गरिएको नदी डल्फिन अनुमान प्रतिवेदन जारी गर्नुभयो। प्रतिवेदनले कुल ६ हजार ३२७ डल्फिन रहेको अनुमान गरेको छ। श्री मोदीले जुनागढमा राष्ट्रिय वन्यजन्तु रेफरल सेन्टरको पनि शिलान्यास गर्नुभयो। यसले वन्यजन्तु स्वास्थ्य र रोग व्यवस्थापनसँग सम्बन्धित विभिन्न पक्षहरूको समन्वय केन्द्रको रूपमा काम गर्नेछ। प्रधानमन्त्रीले यस वर्ष सञ्चालन हुने सिंह अनुमानको १६ औं चरणको सुरुवातको घोषणा गर्नुभयो।

राजनाथ-सीएसआर

रक्षामन्त्री श्री राजनाथ सिंहले भारत आउँदो दुई वर्षमा विश्वको तेस्रो ठूलो अर्थव्यवस्था बन्ने मार्गमा अग्रसर रहेको बताउनु भएको छ। आज नयाँ दिल्लीमा सशस्त्र बल झण्डा दिवस कर्पोरेट सामाजिक उत्तरदायित्व सम्मेलनलाई सम्बोधन गर्दै रक्षामन्त्रीले यस्तो विचार साझा गर्नुभयो।

देशको आर्थिक विकासमा सार्वजनिक र निजी दुवै क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको श्री सिंहले उल्लेख गर्नुभयो। उहाँले विशेष गरी रक्षा उद्योगमा निजी क्षेत्रलाई संलग्न गराउनुपर्ने आवश्यकतामाथि जोड दिनुभयो। रक्षामन्त्रीले भारतमा प्रतिव्यक्ति आय निरन्तर बढिरहेको बताउँदै यो राष्ट्रको समग्र आर्थिक विकासको सूचक हो भन्नुभयो।

भारत- बेल्जियम

भारत अनि बेल्जियमले हिन्द प्रशान्त क्षेत्रमा रक्षा सहयोगको सम्भावनाहरूबारे छलफल गरेका छन्। रक्षामन्त्री श्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा बेल्जियमकी राजकुमारी सुश्री एस्ट्रिड र रक्षामन्त्री श्री थियो फ्रान्केनसँग भेटवार्ता गर्नुभयो। बैठकमा दुई देशबीच रक्षा औद्योगिक सहयोग बढाउने माध्यम र उपायहरूबारे छलफल भएको थियो। रक्षा क्षेत्रमा बेल्जियमको लगानीलाई श्री सिंहले स्वागत गर्नुभयो। दुवै देशले संस्थागत रक्षा सहयोग गर्न पनि सहमति जनाएका छन्।

यसभन्दा अघि, विदेशमन्त्री डा. एस. जयशंकरले आज नयाँ दिल्लीमा बेल्जियमका उपप्रधानमन्त्री एवम् विदेशमन्त्री श्री म्याक्सिम प्रेभोटसँग भेटवार्ता गर्नुभयो।  उहाँहरूले सेमिकन्डक्टर, एआई, स्वच्छ ऊर्जा, डिजिटल गतिशीलता र रक्षा क्षेत्रमा छलफल गर्नुभएको थियो।

अमित शाह डेरी

केन्द्रीय सहकारिता मन्त्री श्री अमित शाहले दुग्ध क्षेत्रले देशको विकासमा मात्र होइन ग्रामीण विकास र साना किसानहरूको समृद्धिमा पनि महत्वपूर्ण योगदान पुऱ्याउने बताउनु भएको छ। नयाँ दिल्लीमा दुग्ध क्षेत्रमा दिगोपन र परिपत्रता सम्बन्धी कार्यशालाको उद्घाटन गर्दै श्री शाहले दुग्ध क्षेत्रले देशको पोषणको पनि ख्याल राख्ने बताउनु भयो। उहाँले यस क्षेत्रमा ६२ प्रतिशत कामदार महिला भएकाले महिला सशक्तिकरणमा पनि दुग्ध क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनु भयो। श्री शाहले दोस्रो श्वेत क्रान्तिको लागि दुग्ध क्षेत्रको दिगोपन र चक्रीयताको महत्त्वमा जोड दिनुभयो। उहाँले देशका ८० प्रतिशत जिल्लामा दुग्ध संघहरू स्थापना गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभएको छ।

जयशंकर-ब्रिटेन

विदेशमन्त्री डा. एस. जयशंकर भोलिदेखि ब्रिटेन र आयरल्याण्डको औपचारिक भ्रमणमा जाँदै हुनुहुन्छ। भ्रमणको क्रममा डा. जयशंकरले ब्रिटेनका विदेश सचिव श्री डेभिड लामीसँग छलफल गर्नुका साथै धेरै विशिष्ट व्यक्तिहरूसँग भेटघाट गर्नु हुनेछ।

आयरल्याण्डको आफ्नो दुई दिने भ्रमणको क्रममा डा. जयशंकरले आयरल्याण्डका विदेशमन्त्री श्री साइमन ह्यारिस र अन्य विशिष्ट व्यक्तिहरूसँग भेट गर्नुहुनेछ। त्यहाँ उहाँले भारतीय समुदायका मानिसहरूलाई पनि भेट्नु हुनेछ।

ओस्कर - २०२५

एकेडेमी अवार्डको ९७ औं संस्करण गए राति लस एन्जलसमा सम्पन्न भयो। निर्देशक शन बेकरको रोमान्टिक-कमेडी ड्रामा एनोराले पाँचवटा ओस्कर जितेको छ।  फिल्म एनोराले उत्कृष्ट चलचित्र, उत्कृष्ट निर्देशक, उत्कृष्ट मौलिक पटकथा, उत्कृष्ट सम्पादन र उत्कृष्ट अभिनेत्रीको लागि ओस्कर अवार्ड जितेको हो। यद्यपि, एमिलिया पेरेज यस वर्षको मनोनयनमा १३ मनोनयनसहित शीर्ष स्थानमा रहेको थियो।

एड्रियन ब्रोडीले द ब्रुटालिस्टका लागि उत्कृष्ट अभिनेताको ओस्कार जिते भने मिकी म्याडिसनले फिल्म एनोराका लागि सर्वश्रेष्ठ अभिनेत्रीको ओस्कार जितिन्।

आईसीसी चैंपियन्स क्रिकेट

दुबईमा भइरहेको आईसीसी चैंपियन्स क्रिकेट ट्रफीको पहिलो सेमीफाइनलमा भोलि भारत र अस्ट्रेलियाको भिडन्त हुनेछ। म्याच भारतीय समयानुसार दिउँसो अढाई बजी शुरू हुनेछ।

महिला क्रिकेट

महिला प्रिमियर लिग क्रिकेटमा अहिले लखनऊको इकाना क्रिकेट स्टेडियममा युपी वरियसर्स र गुजरात जाइन्टस्-को खेल शुरु भएको छ।

इन्डियन सुपर लिग

इन्डियन सुपर लिग फुटबलमा अहिले चेन्नईको जवहारलाल नेहरू स्टेडियममा चेन्नयिन एफसी र नर्थइस्ट युनाइटेडको खेल शुरु भएको छ। प्रतियोगितामा हिजो भएको खेलमा इस्ट बंगाल र बेङ्गलुरुको खेल एक एक गोलको बराबरीमा टुङ्गिएको थियो।

मुख्य समाचार फेरि एकपल्ट

- राष्ट्रपतिले प्रदान गर्नुभयो आठौं विजिटर्स पुरस्कार
- वन्यजीव व्यवस्थापनमा परम्परागत ज्ञान र यान्त्रिक बुद्धिमत्ताको प्रयोग गर्न प्रधानमन्त्रीको आह्वान
- श्री राजनाथ सिंहले भारत आउँदो दुई वर्षमा तेस्रो ठूलो अर्थव्यवस्था बन्ने मार्गमा अग्रसर रहेको बताउनुभयो
- भारत र बेल्जियम हिन्द प्रशान्त क्षेत्रमा रक्षा क्षेत्रमा मिलेर काम गर्न सहमत
- श्री शाहले देशको विकास र समुन्नतिमा डेरी क्षेत्रको योगदान महत्वपूर्ण रहेको बताउनुभयो
- आईसीसी चैंपियन्स क्रिकेट ट्रफीको पहिलो सेमीफाइनलमा भोलि भारत र अस्ट्रेलिया भिड्ने, अनि
- इन्डियन सुपर लिग फुटबलमा अहिले चेन्नई र नर्थइस्ट युनाइटेडको भिडन्त हुँदै